# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

**स्मार्ट टि.भि. खरिद र सप्लाई कार्यको लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित सूचनाः मितिः २०८०।०२।२२

यस गाउँपालिकाको आ. व.२०७९।८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा स्मार्ट टि.भि. खरिद गरि जडान गर्नु पर्ने भएकोले उक्त कार्यका लागि योग्यता पुगेका इच्छुक कम्पनी, फर्म, सप्लायर्सहरुलाई देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. शिलबन्दी दरभाउपत्र खरिद कार्यका लागि कम्पनी, फर्म तथा व्यवशाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि( नविकरण सहितको ), स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०७८।७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र दरभाउ फारम दस्तुर वापत रु. १०००।०० पछि फिर्ता नहुने गरी कार्यालयमा नगद बुझाएको सक्कल रसिद संलग्न राखि सूचना प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समय भित्र निवेदन दिई खरिद गर्न सकिने छ ।

२. कार्यालयको अधिकार प्राप्त अधिकारीको सहिछाप नभएको र कुनैपनि शर्त राखि पेश भएको, केरमेट भएको साथै तोकिएको म्याद भित्र प्राप्त नभएका, रित नपुगका र सूचनाका शर्तहरु विपरित भएको दरभाउपत्र मान्य हुने छैन ।

३. आफुले खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ दिन( सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट) दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्ने छ । दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको दिउसो १.०० बजे यस कार्यालयमा खोलिने छ ।

४. शिलबन्दी दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए बमोजिमको जमानत बपातको रकम यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट मेगा बैंकमा रहेको धरौटी खाता नं. 29201400000109 मा नगद जम्मा गरेको सक्कल भौचर वा दउभाउपत्र खोलिने मितिले कम्तिमा ७५ दिन मान्य अबधि रहने गरि बाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत शिलबन्दी दरभाउपत्रसाथ संलग्न गरी पेश गर्नुपर्ने छ ।

५. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनुपर्ने छ ।

६. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(ङ) बमोजिम दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वास्थ्य नबाझिएको, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको र व्यवशायी सम्बन्धि कसुरमा सजाय नपाएको भनि लिखित स्वघोषणापत्र पेश गर्नु पर्ने छ ।

७. यो सूचनामा उल्लेख भएका कुराहरुको बिषयहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका बिषयहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

८. शिलबन्दी दरभाउपत्र सम्बन्धिको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ ।

तपशिलः

| सि.नं. | ठेक्का नं. | विवरण | जमानत रकम रु. | दरभाउपत्र खरिद गर्न सकिने अन्तिम मिति | दरभाउपत्र दर्ता गर्न सकिने मिति र समय |
|---|---|---|---|---|---|
| १ | MRM/SUP/SQ/ STV/16/ 2079-80 | स्मार्ट टि.भि खरिद तथा सप्लाई गर्ने कार्य | ४९५००।०० | २०८०।०३।४ गते कार्यालय समय भित्र | २०८०।०३।५ गते दिउसो १२.०० बजे भित्र |

प्रमुख प्रशासकीय अधिकृत
सुरेश भुसाल
प्रमुख प्रशासकीय अधिकृत